# मतदाता नामावली सम्बन्धी नियमावली, २०६८

राजपत्रमा प्रकाशन मिति

२०६८।१२।१७

संशोधन

मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७० २०७०।१।१०

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "मतदाता नामावली सम्बन्धी नियमावली, २०६८" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सिलसिलामा तत्काल कायम रहेको वा आयोगले सङ्कलन गरेको मतदाता नामावली प्रकाशन गर्ने, त्यसमा नाम समावेश गर्ने, सच्याउने, हटाउने र दावी विरोध गर्ने लगायतका कामहरू गर्नको लागि आयोगले समयावधि निर्धारण गरी यस नियमावली बमोजिम प्रकाशन गरेको कार्यक्रम सम्झनु पर्छ ।

(ग) "दर्ता कर्मचारी वा सहायक दर्ता कर्मचारी" भन्नाले नियम ८ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(घ) "परिवार" भन्नाले मतदाताको एकासगोलमा रहेका मतदाता हुन योग्यता पुगेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "मतदाता दर्ता किताव" भन्नाले नियम १० बमोजिमको मतदाता दर्ता किताव सम्झनु पर्छ ।

(च) "सङ्कलक" भन्नाले नियम ७ बमोजिम खटाईएको वा काममा लगाईएको व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम तथा नाम दर्ता अधिकारी सम्बन्धी व्यवस्था

३. **मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम प्रकाशन गर्नुपर्ने :** (१) आयोगले ऐनको दफा ३ को उपदफा (१) बमोजिम प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँ विकास समिति र नगरपालिकाको वडाको मतदाताको नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित कार्यक्रम आयोगले आवश्यकता अनुसार राष्ट्रियस्तरको सञ्चार माध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्न सक्नेछ ।

४. **प्रमुख नाम दर्ता अधिकारी तोक्न सक्ने :** (१) आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक जिल्लामा जिल्ला निर्वाचन अधिकारीलाई प्रमुख नाम दर्ता अधिकारी तोक्न सक्नेछ ।

(२) प्रमुख नाम दर्ता अधिकारीको कार्यालय जिल्ला निर्वाचन कार्यालयमा रहनेछ ।

५. **प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार :** ऐन र यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐन र यस नियमावली बमोजिम सहायक नामदर्ता अधिकारीले गर्नु पर्ने कामको समन्वय, निरीक्षण र अनुगमन गर्ने,

(ख) मतदाता नामावली तथा अन्य विवरण तयार गर्ने काममा कुनै समस्या उत्पन्न भएमा सोको निराकरण गर्ने,

(ग) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने काममा संलग्न कर्मचारी मध्ये उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको लागि आयोगमा सिफारिस गर्ने,

(घ) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने काममा संलग्न कर्मचारीको काम कारबाही सम्बन्धमा प्राप्त उजूरीको छानवीन गरी आवश्यक कारबाहीको लागि आयोग समक्ष पठाउने,

(ङ) मतदाता नामावली र मतदाताको अन्य विवरण तयार गर्ने काममा संलग्न कर्मचारीले ऐन र यस नियमावली विपरीत काम गरेको देखिएमा वा लापरवाही साथ काम गरेमा निज उपर विभागीय कारबाही गर्न आयोग समक्ष लेखी पठाउने,

(च) ऐन, यस नियमावली र सो अन्तर्गत बनेको निर्देशिका बमोजिम सहायक नाम दर्ता अधिकारीले गर्नु पर्ने काम तथा पालना गर्नु पर्ने कर्तव्यको सम्बन्धमा प्रशिक्षण वा निर्देशन दिने,

(छ) ऐन र यस नियमावली बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नको लागि वार्षिक रुपमा योजना तथा कार्यक्रम तयार गरी आयोगमा पठाउने र

(ज) आयोगले तोकेको अन्य काम गर्ने ।

६. **सहायक नाम दर्ता अधिकारी नियुक्त गर्न वा तोक्न सक्ने :** (१) आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक गाउँ विकास समिति र नगरपालिकाको वडामा आवश्यकता अनुसार सहायक नाम दर्ता अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) सहायक नाम दर्ता अधिकारीको कार्यालय सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा रहनेछ ।

तर कुनै नगरपालिकाको वडा कार्यालय नरहेको अवस्थामा नगरपालिकाको कार्यालयमा नै सहायक नाम दर्ता अधिकारीको कार्यालय रहनेछ ।

७. **सङ्कलक खटाउन सक्ने :** मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नका लागि नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन आयोगले नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा निकाय वा स्थानीय निकायका कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षकलाई सङ्कलकको रुपमा काम गर्न खटाउन सक्नेछ ।

८. **कर्मचारी नियुक्त गर्न सक्ने :** मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सिलसिलामा मतदाताको फोटो खिच्ने, औंला छाप सङ्कलन गर्ने र मतदाताको नाम तथा विवरण मतदाता दर्ता कितावमा दर्ता गरी कम्प्युटरमा प्रविष्ट गर्ने समेतका काम गर्नको लागि आयोगले कार्यक्रममा उल्लेख भए बमोजिम दर्ता कर्मचारी र सहायक दर्ता कर्मचारी निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम नियुक्त गर्न सक्नेछ ।

९. **कार्यक्रम तथा मतदाता नामावली प्रकाशन गर्नु पर्ने :** (१) नियम ३ बमोजिम कार्यक्रम प्रकाशन भएपछि प्रमुख नाम दर्ता अधिकारीले आयोगको निर्देशनको अधीनमा रही आफ्नो जिल्लामा सञ्चालन हुने मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी आफ्नो कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यक्रम प्रमुख नाम दर्ता अधिकारीले सहायक नाम दर्ता अधिकारीलाई सम्बन्धित गाउँ विकास समिति र नगरपालिकाको वडा कार्यालयमा टाँस गर्न लगाउनु पर्नेछ ।

(३) सहायक नाम दर्ता अधिकारीले उपनियम (२) बमोजिमको कार्यक्रमको साथमा आयोगले यो नियमावली प्रारम्भ हुँदाका बखत अनुसूची–२ बमोजिमको ढाँचामा तयार गरेको सम्बन्धित गाउँ विकास समिति र नगरपालिकाको वडाको ऐनको दफा ५ बमोजिम मतदाता नामावलीमा नाम समावेश हुन योग्यता पुगेको व्यक्तिको फोटोसहितको मतदाता नामावली यो नियमावली प्रारम्भ भएपछि पहिलो पटकको लागि र त्यसपछि सोही आधारमा तयार भएको तत्काल कायम रहेको फोटोसहितको मतदाता नामावली कार्यक्रममा उल्लेख भए बमोजिम आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(४) सहायक नाम दर्ता अधिकारीले उपनियम (३) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा सूचना टाँस गरी गर्नु पर्नेछ ।

(५) प्रमुख नाम दर्ता अधिकारीले उपनियम (१) बमोजिम र सहायक नाम दर्ता अधिकारीले उपनियम (२) बमोजिम कार्यक्रम टाँस गर्दा र सहायक नाम दर्ता अधिकारीले उपनियम (३) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ ।

(६) प्रमुख नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारीले यस नियम बमोजिमको कार्यक्रम सम्भव भएसम्म स्थानीय स्तरको कुनै सञ्चार माध्यमद्वारा प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

(७) प्रमुख नाम दर्ता अधिकारीले उपनियम (१) बमोजिम कार्यक्रम टाँस गरेको व्यहोराको जानकारी उपलब्ध भएसम्मका जिल्लास्थित राजनीतिक दलका कार्यालयमा पठाउनु पर्नेछ ।

**स्पष्टीकरण** : यस उपनियमको प्रयोजनको लागि “राजनीतिक दल” भन्नाले व्यवस्थापिका-संसदमा प्रतिनिधित्व भएका राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले आयोगमा दर्ता भएका अन्य राजनीतिक दललाई समेत जनाउँछ ।

(८) सहायक नाम दर्ता अधिकारीले उपनियम (२) बमोजिम कार्यक्रम टाँस गरेको व्यहोराको जानकारी ऐनको दफा ४१ बमोजिम गाउँ विकास समिति वा नगरपालिकाको वडामा गठन भएको सहयोग समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

## मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने सम्बन्धी व्यवस्था

१०. **नाम सङ्कलन तथा दर्ता गर्नु पर्ने** : (१) नियम ९ बमोजिम मतदाता नामावली प्रकाशन भएपछि सङ्कलकले कार्यक्रममा उल्लेख भए अनुसार ऐनको दफा ५ बमोजिम मतदाता नामावलीमा नाम समावेश हुन योग्यता पुगेको व्यक्तिको नाम तथा अन्य विवरण सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीमा समावेश गर्न अनुसूची -५ बमोजिमको ढाँचामा त्यस्तो व्यक्तिको नाम तथा अन्य विवरण सङ्कलन गर्नु पर्नेछ ।

(२) सङ्कलकले उपनियम (१) बमोजिम सङ्कलन भएको नाम तथा अन्य विवरण कार्यक्रममा उल्लेख भए बमोजिम सहायक दर्ता कर्मचारीलाई बुझाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको नाम तथा विवरण प्राप्त भएपछि सहायक दर्ता कर्मचारीले मतदाता दर्तास्थलमा उपस्थित ऐनको दफा ५ बमोजिम मतदाता हुन योग्यता पुगेको व्यक्तिको नाम तथा विवरण अनुसूची-६ बमोजिमको ढाँचाको मतदाता दर्ता कितावमा दर्ता गरी त्यस्तो नाम तथा विवरण दर्ता कर्मचारीलाई बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको नाम तथा विवरण प्राप्त भएपछि दर्ता कर्मचारीले त्यस्तो व्यक्तिको औंला छाप र आयोगले निर्धारण गरे बमोजिमको फोटो खिँची निजको नाम तथा अन्य विवरण, औंला छाप र फोटो कम्प्युटरमा प्रविष्ट गर्नु पर्नेछ ।

११. **नाम हटाउन वा सार्न विवरण सङ्कलन गर्नु पर्ने** : (१) यस नियमावली बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा कुनै मतदाताको परिवारको कुनै सदस्यको मृत्यु भएको वा त्यस्तो सदस्य स्थायी तबरले बसाइँ सरी अन्यत्र गएको वा विवाह भई गएको वा त्यस्तो सदस्यले मतदाता नामावलीमा नाम कायम रहने योग्यता गुमाएको कारणले नियम ९ को उपनियम (३) बमोजिम प्रकाशित मतदाता नामावलीबाट त्यस्तो सदस्यको नाम हटाउनु पर्ने भएमा सङ्कलकले कार्यक्रममा उल्लिखित समयावधि भित्र अनुसूची-७ बमोजिमको ढाँचामा सोको विवरण आयोगले निर्धारण गरेको स्थानमा सङ्कलन गर्नु पर्नेछ ।

(२) कुनै मतदाता आफ्नो मतदाता नामावली रहेको गाउँ विकास समिति वा नगरपालिकाको वडाबाट स्थायी तबरले बसाइँ सरी वा विवाह भई आएको कारणले निजको नाम त्यस्तो मतदाता नामावलीबाट त्यसरी बसाइँ सरी वा विवाह भई आएको स्थानको मतदाता नामावलीमा सार्नुपर्ने भएमा सङ्कलकले सोको विवरण आयोगले निर्धारण गरेको स्थानमा अनुसूची-८ बमोजिमको ढाँचामा सङ्कलन गर्नु पर्नेछ ।

१२. **<u>त्रुटि सच्याउन विवरण सङ्कलन गर्नुपर्ने</u>** : यस नियमावली बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा नियम ९ को उपनियम (३) बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम, थर, जन्म मिति वा यस्तै अन्य कुनै विवरणमा कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउनको लागि सङ्कलकले सोको विवरण आयोगले निर्धारण गरेको स्थानमा अनुसूची-७ बमोजिमको ढाँचामा कार्यक्रममा उल्लेखित समयावधि भित्र सङ्कलन गर्नु पर्नेछ ।

१३. **<u>विवरण सङ्कलन गर्ने आधार</u>** : (१) सङ्कलकले नियम १० बमोजिम नाम तथा विवरण सङ्कलन गर्दा सम्बन्धित मतदाता स्वयंले उपलब्ध गराएको विवरणको आधारमा गर्नु पर्नेछ ।

(२) सङ्कलकले नियम ११ र १२ बमोजिमको विवरण सङ्कलन गर्दा मतदाता स्वयं वा निजको परिवारको सदस्यले उपलब्ध गराएको विवरणको आधारमा सङ्कलन गर्न सक्नेछ ।

१४. **<u>विवरण उपलब्ध गराई नाम दर्ता गराउनु पर्ने</u>** : कार्यक्रममा उल्लिखित समय र स्थानमा उपस्थित भई मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्नको लागि आवश्यक पर्ने विवरण उपलब्ध गराई मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउनु प्रत्येक नेपाली नागरिकको कर्तव्य हुनेछ ।

१५. **<u>विवरण बुझाउनु पर्ने</u>** : दर्ता कर्मचारीले नियम १० बमोजिम सङ्कलन भएको विवरण र दर्ता किताब तथा सङ्कलकले नियम ११ र १२ बमोजिम सङ्कलित विवरण कार्यक्रममा उल्लेख भए बमोजिम सहायक नाम दर्ता अधिकारीलाई बुझाउनु पर्नेछ ।

१६. **<u>नामावली अद्यावधिक गरी प्रकाशन गर्नु पर्ने</u>** : (१) सहायक नाम दर्ता अधिकारीले नियम १५ बमोजिम विवरण र दर्ता किताब प्राप्त गरेपछि सो विवरण जाँचबुझ गरी मतदाता नामावली अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदाता नामावली अद्यावधिक गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) नियम १० बमोजिम सङ्कलित विवरणको आधारमा नियम ९ को उपनियम (३) बमोजिम प्रकाशन भएको मतदाता नामावलीमा थप भएको मतदाताको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा तयार गरी,

(ख) नियम ११ बमोजिम नाम हटाउन वा सार्न सङ्कलित विवरणको आधारमा नियम ९ को उपनियम (३) बमोजिम प्रकाशन भएको मतदाता नामावलीवाट नाम हटेको वा सरेको जनिने गरी अनुसूची-१० बमोजिमको ढाँचामा नाम हटाएको वा सारेको विवरण तयार गरी, र

(ग) नियम १२ बमोजिम त्रुटि सच्याउन सङ्कलित विवरणको आधारमा नियम ९ को उपनियम (३) बमोजिम प्रकाशन भएको मतदाता नामावलीमा त्रुटि सच्याई ।

(३) उपनियम (१) बमोजिम मतदाता नामावली अद्यावधिक गरेपछि सहायक नाम दर्ता अधिकारीले उपनियम (२) को खण्ड (क) बमोजिमको मतदाता नामावली र खण्ड (ग) बमोजिमको विवरण सँगै राखी कार्यक्रममा उल्लेख भए बमोजिम अनुसूची-३ बमोजिमको ढाँचाको सूचना सहित सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडाको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(४) सहायक नाम दर्ता अधिकारीले उपनियम (३) बमोजिम अद्यावधिक मतदाता नामावली प्रकाशन गर्दा उपनियम (२) को खण्ड (ख) बमोजिमको विवरण समेत प्रकाशन गर्नु पर्नेछ ।

(५) सहायक नाम दर्ता अधिकारीले उपनियम (३) बमोजिमको सूचना र उपनियम (४) बमोजिमको विवरण प्रकाशन गर्दा अनुसूची- ४ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ ।

१७. **मतदाता नामावलीमा नाम समावेश हुन छुट भएको व्यक्तिले दरखास्त दिन सक्ने** : (१) नियम ९ को उपनियम (३) वा नियम १६ बमोजिम प्रकाशित मतदाता नामावलीमा ऐनको दफा ५ बमोजिम मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिको नाम समावेश हुन छुटेको रहेछ भने त्यस्तो व्यक्तिले मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउन कार्यक्रममा उल्लेख भए बमोजिम सहायक नाम दर्ता अधिकारी समक्ष स्वयं उपस्थित भई अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा सहायक नाम दर्ता अधिकारीले सो सम्बन्धमा जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा त्यस्तो व्यक्ति ऐनको दफा ५ बमोजिम मतदाता हुन योग्य भएको देखिएमा निजको नाम सहायक दर्ता कर्मचारी मार्फत मतदाता दर्ता कितावमा दर्ता गराई र दर्ता कर्मचारी मार्फत निजको औंला छाप र आयोगले निर्धारण गरे बमोजिमको फोटो खिची त्यस्तो व्यक्तिको नाम तथा विवरण, औंला छाप र फोटो कम्प्युटरमा प्रविष्ट गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम नाम, विवरण, औला छाप र फोटो प्रविष्ट भएपछि सहायक नाम दर्ता अधिकारीले त्यस्तो नाम तथा विवरणको आधारमा अनुसूची-९ बमोजिमको ढाँचामा संशोधित मतदाता नामावली तयार गर्नु पर्नेछ ।

१८. **नाम, थर, जन्म मिति, उमेर आदि विवरण सच्याउन दरखास्त दिनु पर्ने** : (१) नियम १६ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, जन्म मिति, उमेर वा त्यस्तै अन्य विवरणमा कुनै त्रुटि भएमा वा हेरफेर गर्नु पर्ने भएमा सो सच्याउन मतदाता आफैं वा निजको परिवारको कुनै सदस्यले कार्यक्रममा उल्लिखित समयावधि भित्र जन्म दर्ता, विवाह दर्ता, बसाइँ सराइ लगायत अन्य सम्वद्ध प्रमाण संलग्न गरी अनुसूची-७ बमोजिमको ढाँचामा सहायक नाम दर्ता अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएमा सहायक नाम दर्ता अधिकारीले सो सम्बन्धमा जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा त्यस्तो त्रुटि सच्चाउनु पर्ने देखिएमा नियम १६ बमोजिम प्रकाशन भएको नामावलीमा त्यस्तो त्रुटि सच्चाई संशोधित मतदाता नामावली तयार गर्नेछ ।

१९. **नाम हटाउन वा सार्न सूचना दिन सक्ने** : (१) नियम ९ को उपनियम (३) वा नियम १६ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको मृत्यु भएको वा निज स्थायी तबरले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडाबाट बसाइँ सरेको वा विवाह भई अन्यत्र गएको वा निजले नेपाली नागरिकता त्याग गरेको वा मतदाता नामावलीमा नाम कायम रहन सक्ने योग्यता गुमाएको रहेछ भने सोही व्यहोरा उल्लेख गरी मतदाता नामावलीबाट त्यस्तो नाम हटाउन वा सार्न मतदाता वा निजको परिवारको कुनै सदस्यले कार्यक्रममा उल्लिखित समयावधि भित्र अनुसूची-७ बमोजिमको ढाँचामा सहायक नाम दर्ता अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

(२) कुनै मतदाता आफ्नो मतदाता नामावली रहेको गाउँ विकास समिति वा नगरपालिकाको वडाबाट स्थायी तबरले बसाइँ सरी आएको वा विवाह भई आएको कारणले निजको नाम त्यस्तो मतदाता नामावलीबाट त्यसरी वसाइँ सरी वा विवाह भई आएको स्थानको मतदाता नामावलीमा सार्नुपर्ने भएमा सोको लागि त्यस्तो मतदाताले अनुसूची-८ बमोजिमको ढाँचामा सहायक नाम दर्ता अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम कुनै दरखास्त प्राप्त भएमा सहायक नाम दर्ता अधिकारीले सो सम्बन्धमा जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा त्यस्तो मतदाताको मृत्यु भएको वा त्यस्तो मतदाता वसाइ सरी वा विवाह भई आएको वा मतदाता नामावलीमा नाम रहन अयोग्य भएको देखिएमा ऐन बमोजिम आफूले हटाउन वा सार्न सक्ने नामको हकमा आफैले हटाउनु वा सार्नु पर्नेछ र आफूले हटाउन वा सार्न नसक्ने नामको हकमा आफ्नो राय सहित प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ । सहायक नाम दर्ता अधिकारीबाट त्यसरी पेश भएकोमा प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो नाम हटाउनु वा सार्नु पर्ने भएमा हटाई वा सारी सोको विवरण सहायक नाम दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मतदाता नामावलीबाट नाम हटाएको वा सारेको सूचना सहायक नाम दर्ता अधिकारीले अनुसूची-१० बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम नाम हटाउदा वा सार्दा सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले सोको कारण उल्लेख गर्नु पर्नेछ ।

(६) सहायक नाम दर्ता अधिकारीले उपनियम (३) बमोजिम मतदाता नामावलीबाट नाम हटाए वा सारेपछि संशोधित मतदाता नामावली तयार गर्नु पर्नेछ ।

२०. **<u>संशोधित मतदाता नामावली प्रकाशन गर्नु पर्ने</u>** : सहायक नाम दर्ता अधिकारीले नियम १७ को उपनियम (३), नियम १८ को उपनियम (२) र नियम १९ को उपनियम (६) बमोजिम तयार गरेको संशोधित मतदाता नामावली कार्यक्रममा उल्लेख भएको अवधिमा अनुसूची-३ बमोजिमको ढाँचाको सूचनासहित आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र सोको मुचुल्का अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२१. **<u>मतदाता नामावलीमा दाबी विरोधको लागि दरखास्त दिन सक्ने</u>** : नियम ९ को उपनियम (३) वा नियम १६ वा २० बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको नाम ऐन र यस नियमावली बमोजिम समावेश हुन नसक्ने कारण भएमा सोही निर्वाचन क्षेत्रको सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको कुनै मतदाताले सोको कारण खुलाई कार्यक्रममा उल्लिखित अवधिभित्र अनुसूची-७ बमोजिमको ढाँचामा नियम ९ को उपनियम (३) र नियम १६ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको नामको हकमा सहायक नाम दर्ता अधिकारी समक्ष र नियम २० बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको नामको हकमा प्रमुख नाम दर्ता अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

२२. **<u>दाबी विरोधको सम्बन्धमा निर्णय गर्नु पर्ने</u>** : (१) नियम २१ बमोजिमको दरखास्त प्राप्त भएमा सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले कार्यक्रममा उल्लेख भए बमोजिम त्यस्तो दरखास्तको संक्षिप्त विवरण तयार गरी सम्बन्धित मतदाता वा निजको परिवारको सदस्यलाई आफ्नो भनाई पेश गर्नको लागि कार्यक्रममा उल्लिखित समयावधि भित्र सम्बद्ध प्रमाण सहित उपस्थित हुने सूचना आफ्नो कार्यालयमा अनुसूची-११ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समयावधि भित्र त्यस्तो मतदाता वा सदस्य उपस्थित हुन आएमा सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले आवश्यक ठानेमा निजसँग सोधपुछ गर्न वा थप प्रमाण माग गर्न सक्नेछ ।

(३) सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले मतदाता वा निजको परिवारको सदस्यले उपनियम (१) बमोजिम प्रमाण पेश गरेकोमा त्यस्तो प्रमाण र त्यस्तो मतदाता वा निजको परिवारको सदस्य उपस्थित नभएमा वा माग भएको प्रमाण पेश नगरेमा दरखास्त साथ पेश भएको प्रमाणको मूल्याङ्कन गर्नेछ र त्यसरी मूल्याङ्कन गर्दा त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउनु पर्ने देखिएमा हटाई सोको सूचना सम्बन्धित सबैको जानकारीको लागि आफ्नो कार्यालयमा अनुसूची- १० बमोजिमको ढाँचामा प्रकाशन गरी अनुसूची- ४ बमोजिमको ढाँचामा मुचुल्का समेत गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम नाम हटेको विवरण प्रमुख नाम दर्ता अधिकारीले सहायक नाम दर्ता अधिकारीलाई कार्यक्रममा उल्लेख भए बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

२३. **<u>दोहोरो नाम हटाउन जानकारी दिनु पर्ने</u>** : (१) एक भन्दा बढी निर्वाचन क्षेत्रको वा एकै निर्वाचन क्षेत्रको एक भन्दा बढी स्थानको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले आफ्नो नाम आफूले रोजेको कुनै एक निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा मात्र कायम राखी अन्य स्थानको मतदाता नामावलीबाट हटाउन आयोगले तोकि दिएको समयावधि भित्र अनुसूची-७ बमोजिमको ढाँचामा एकै गाउँ विकास समिति वा नगरपालिकाको वडाभित्र दोहोरो परेको भए सहायक नामदर्ता अधिकारी समक्ष, एक भन्दा बढी गाउँ विकास समिति वा नगरपालिकाको वडामा दोहोरो परेको भए सहायक नाम दर्ता अधिकारी मार्फत वा सिधै प्रमुख नाम दर्ता अधिकारी समक्ष र अन्तर जिल्लामा दोहोरो परेको भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगलाई जानकारी दिनु पर्नेछ ।

(२) कुनै मतदाताको नाम एक वा एक भन्दा बढी निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा समावेश भएकोमा दोहोरो नाम हटाई एक मात्र नाम मतदाता नामावलीमा कायम गर्नको लागि सोही गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको कुनै मतदाताले कारण खुलाई कार्यक्रममा उल्लिखित समयावधि भित्र अनुसूची- ७ बमोजिमको ढाँचामा एकै गाउँ विकास समिति वा नगरपालिकाका वडाभित्र दोहोरो परेको भए सहायक नाम दर्ता अधिकारी समक्ष र एक भन्दा बढी गाउँ विकास समिति वा नगरपालिकाको वडामा दोहोरो परेको भए प्रमुख नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम जानकारी वा निवेदन प्राप्त नभए तापनि कुनै मतदाताको नाम एक भन्दा बढी निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा समावेश भएको कुराको जानकारी आयोगलाई प्राप्त भएमा त्यस्तो मतदाताको नाम निज स्थायी बसोवास गरेको निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा कायम गर्न र अन्य निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीबाट हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ ।

२४. **<u>दोहोरो नाम हटाउनु पर्ने</u>** : (१) नियम २३ को उपनियम (१) बमोजिम जानकारी प्राप्त भएमा सहायक नामदर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले सो सम्बन्धमा जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा मतदाता नामावलीबाट दोहोरो नाम हटाउनु पर्ने देखिएमा सम्बन्धित मतदातालाई कार्यक्रममा उल्लिखित समयावधि भित्र आफ्नो भनाई राख्न आउनु भनी सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले आफ्नो कार्यालयमा अनुसूची-११ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचना बमोजिम सम्बन्धित मतदाताले भनाइ पेश नगरेमा वा निजले पेश गरेको भनाइ चित्त बुझ्दो नभएमा सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले उपलब्ध भए सम्मको प्रमाणको आधारमा सम्बन्धित मतदाताको नाम हटाउनु पर्ने देखेमा

कारण र आधार खुलाई ऐनको दफा १९ को उपदफा (१) बमोजिम त्यस्तो दोहोरो नाम हटाउने निर्णय अनुसूची-७ को ढाँचामा गर्नु पर्नेछ ।

(४) सहायक नाम दर्ता अधिकारीले उपनियम (३) बमोजिम दोहोरो नाम हटाउने निर्णय गर्दा सम्बन्धित मतदाताको एक भन्दा बढी स्थानको मतदाता नामावलीमा वा एकै स्थानको मतदाता नामावलीमा उल्लिखित नाम थर दोहोरिएको वा नदोहोरिएको कुरा निजको नाम थर, आमा वा बाबुको नाम थर, नागरिकताको प्रमाणपत्र र मतदाता नामावलीमा रहेको फोटोको अनुहार यकिन गरी गर्नु पर्नेछ ।

(५) प्रमुख नाम दर्ता अधिकारीले नियम २३ को उपनियम (३) बमोजिम आयोगको आदेश बमोजिम ऐन र यस नियमावली बमोजिम दोहोरो नाम हटाउने निर्णय गर्दा सम्बन्धित मतदाताको मतदाता नामावलीमा रहेको फोटोको अनुहार र आयोगको तथ्याङ्क भण्डारमा रहेको औंला छाप समेत यकिन गरी गर्नु पर्नेछ ।

(६) सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले यस नियमावली बमोजिम दोहोरो नाम हटाउँदा सम्बन्धित मतदाता वा निजको परिवारले दोहोरो नाम हटाउन दिएको दरखास्तमा हाल कायम राख्नुपर्ने कुनै ठेगाना उल्लेख गरेकोमा सोही ठेगानामा र त्यस्तो ठेगाना उल्लेख नगरेकोमा पछिल्लो पटक निजको नाम जुन ठेगानाको मतदाता नामावलीमा दर्ता भएको छ सोही ठेगानालाई निजको स्थायी बसोबास भएको ठेगाना मानी निजको नाम तथा विवरण सो ठेगानामा मात्र कायम राखी अन्य स्थानको मतदाता नामावलीबाट हटाउनु पर्नेछ ।

(७) उपनियम (३) बमोजिम दोहोरो नाम हटाएपछि सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले सोको सूचना अनुसूची-१० बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(८) आयोगले उपनियम (५) बमोजिम हटाइएको नामको जिल्लागत विवरण तयार गरी आफ्नो वेवसाइटमा राखी सोको सूचना राष्ट्रियस्तरको समाचार पत्रमा प्रकाशन गर्नु पर्नेछ र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयलाई त्यस्तो विवरण आफ्नो कार्यालयमा प्रकाशन गर्न लगाउनु पर्नेछ ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १९ को उपदफा (२) बमोजिम सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारी स्वयंले कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त गरेमा वा थाहा पाएमा गाउँ विकास समिति वा नगरपालिका भित्र दोहोरो परेकोमा सम्बन्धित सहायक नाम दर्ता अधिकारीले र जिल्ला भित्रका कुनै गाउँ विकास समिति वा नगरपालिकामा दोहोरो परेकोमा सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो मतदाताको स्थायी बसोबास भएको गाउँ विकास समिति वा नगरपालिकाको वडाको बाहेक अन्य गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीबाट त्यस्तो मतदाताको नाम हटाउनु पर्नेछ । त्यसरी नाम हटाईएकोमा सम्बन्धित मतदाताको जानकारीको लागि आफ्नो कार्यालयमा अनुसूची-१० को ढाँचामा सूचना टाँस गर्नु पर्नेछ ।

(१०) उपनियम (२), (७), (८) वा (९) बमोजिम प्रकाशन वा टाँस भएको सूचनाको मुचुल्का अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२५. **मृत्यु भएको वा बसाइँ सरेको आदि आधारमा मतदाता नामावलीबाट नाम हटाउने** : (१) नियम ९ को उपनियम (३), नियम १६ वा २० बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको मृत्यु भएको वा निजले स्थायी तबरले सम्बन्धित निर्वाचन क्षेत्रबाट बसाइँ सरेको वा नेपाली नागरिकता त्याग गरेको वा मतदाता नामावलीमा नाम कायम रहन सक्ने योग्यता गुमाएको भनी कुनै मतदाताले सहायक नाम दर्ता अधिकारी समक्ष कार्यक्रममा उल्लिखित समयावधि भित्र सूचना दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि सहायक नाम दर्ता अधिकारीले मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको मृत्यु भएको वा निज बसाइँ सरी अन्यन्त्र गएको वा नेपाली नागरिकता त्याग गरेको वा मतदाता हुन योग्यता गुमाएको हो वा होइन भन्ने सम्बन्धमा आवश्यकता अनुसार स्थानीय पञ्जिकाधिकारीको कार्यालय, स्थानीय निकायको कुनै कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा बुझ्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त सूचनाको जाँचबुझको सिलसिलामा सहायक नाम दर्ता अधिकारीले सम्बन्धित मतदाताको नाम मतदाता नामावलीबाट हटाउनु नपर्ने भए सम्बद्ध प्रमाण सहित आफ्नो भनाई पेश गर्नु भनी आफ्नो कार्यालयमा अनुसूची- ११ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम बुझ्दा वा उपनियम (३) बमोजिम प्राप्त प्रमाण मूल्याङ्कन गर्दा कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाउनु पर्ने देखिएमा सहायक नाम दर्ता अधिकारीले त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउनु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मतदाताको विवाह भई वा बसाइँ सराइ गरी अन्यत्र गएको वा मृत्यु भएको व्यहोरा स्थानीय पञ्जिकाधिकारीको कार्यालयको अभिलेखबाट देखिएमा सहायक नाम दर्ता अधिकारीले कार्यक्रममा उल्लेख भए बमोजिम त्यस्तो मृत्यु भएको मतदाताको नाम आफैले हटाउन वा सार्न सक्ने भए हटाई वा सारी र आफैले हटाउन वा सार्न नसक्ने भए मतदाता नामावलीबाट हटाउन वा सार्न प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम पेश भएको विवरण जाँच गर्दा त्यस्तो नाम हटाउनु पर्ने देखिएमा प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो नाम हटाउनु पर्नेछ ।

(७) यस नियम बमोजिम कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाईएकोमा सोको सूचना सहायक नाम दर्ता अधिकारीले आफ्नो कार्यालयमा अनुसूची-१० बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(८) उपनियम (३) वा (७) बमोजिम सूचना प्रकाशन गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ ।

२६. **अन्तिम मतदाता नामावली तयार गर्नु पर्ने** : (१) यस नियमावली बमोजिम दावी विरोध, जाँचबुझ, संशोधनको प्रक्रिया लगायत पूरा गर्नु पर्ने अन्य कार्यविधि पूरा भई सकेपछि प्रमुख नाम दर्ता अधिकारीले आफ्नो जिल्लाभित्र रहेको प्रत्येक गाउँ विकास समिति र नगरपालिकाको वडाको अन्तिम मतदाता नामावली अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मतदाता नामावलीको प्रत्येक पृष्ठमा प्रमुख नाम दर्ता अधिकारीले दस्तखत गर्नु पर्नेछ ।

२७. **अन्तिम मतदाता नामावली प्रकाशन गर्नु पर्ने** : (१) नियम २६ बमोजिम तयार भएको अन्तिम मतदाता नामावली प्रमुख नाम दर्ता अधिकारीले आयोगले निर्धारण गरेको समयमा आफ्नो कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचाको सूचना सहित प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ ।

२८. **अन्तिम मतदाता नामावली प्रकाशन गरेको सूचना पठाउनु पर्ने** : (१) प्रमुख नाम दर्ता अधिकारीले नियम २७ बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गरेको सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको कार्यालयमा टाँस गर्न पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनाको जानकारी नियम ९ को उपनियम (७) बमोजिमका राजनैतिक दलका जिल्ला स्थित कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) प्रमुख नाम दर्ता अधिकारीले यस नियमावली बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गरेको व्यहोरा स्थानीयस्तरको सञ्चार माध्यमद्वारा प्रकाशन तथा प्रसारण गर्न सक्नेछ ।

२९. **अन्तिम मतदाता नामावली आयोगमा पठाउनु पर्ने** : प्रमुख नाम दर्ता अधिकारीले नियम २८ बमोजिम प्रकाशित अन्तिम मतदाता नामावलीको एकप्रति प्रमाणित गरी आयोगमा पठाउनु पर्नेछ ।

३०. **मतदाता नामावलीको आवश्यक प्रति तयार गर्नु पर्ने :** (१) प्रमुख नाम दर्ता अधिकारीले आयोगमा उपलब्ध गराएको अन्तिम मतदाता नामावलीलाई मूल मतदाता नामावली मानी आयोगले मतदाता नामावलीको आवश्यक प्रतिहरू तयार गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदाता नामावलीको प्रति तयार गर्नु अघि आयोगले त्यस्तो नामावलीमा कुनै मतदाताको नाम दोहोरो परे वा नपरेको जाँच गर्नु पर्नेछ र त्यसरी दोहोरो परे नपरेको जाँच गर्दा सम्बन्धित मतदाताको नाम थर, औंलाको छाप, नागरिकता प्रमाणपत्र, मतदाता नामावलीमा रहेको अनुहार र बाबु वा आमाको नामलाई आधार लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँच गर्दा कुनै मतदाताको नाम दोहोरो परेको देखिएमा आयोगले त्यस्तो दोहोरो नाम नियम २४ को उपनियम (६) बमोजिम हटाई मतदाता नामावलीको प्रति तयार गर्नु पर्नेछ ।

३१. **नाम समावेश गर्न सकिने विशेष व्यवस्था** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १५ बमोजिम नाम वा विवरण सच्याउन निवेदन दिने अवधि समेतको कार्यविधि समाप्त भई अन्तिम मतदाता नामावली प्रकाशन भई सकेपछि नागरिकता प्राप्त गर्ने व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्ने प्रयोजनको लागि आयोगले ऐनको दफा २३ बमोजिम निर्धारण गरेको अवधिभित्र त्यस्तो व्यक्तिले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र संलग्न गरी मतदाता नामावलीमा नाम समावेश गर्न अनुसूची-५ बमोजिमको ढाँचामा प्रमुख नाम दर्ता अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने व्यक्तिले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा ऐनको दफा १५ बमोजिम नाम वा विवरण सच्याउन दरखास्त दिने अवधि समेतको कार्यविधि समाप्त भई आयोगले निर्धारण गरेको अवधि भित्र प्राप्त गरेको हो वा होइन र त्यस्तो व्यक्ति ऐन बमोजिम मतदाता हुन योग्यता पुगेको हो वा होइन भन्ने सम्बन्धमा जाँचबुझ गर्दा उपयुक्त देखिएमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम नाम समावेश गरी तयार गरिएको मतदाता नामावली सूचनासहित प्रकाशन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रकाशित मतदाता नामावली उपर यस नियमावली बमोजिम दावी विरोधको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ ।

♦३१क. **सम्वत २०६४ सालको मतदाता नामावलीलाई आधार मान्ने सम्बन्धी व्यवस्था** : (१) सम्वत् २०६४ सालको संविधान सभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा नाम रही प्रचलित कानून बमोजिम

♦ पहिलो संशोधनद्वारा थप ।

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तर नियम ९ बमोजिमको फोटोसहितको मतदाता नामावलीमा नाम समावेश नभएको नेपाली नागरिकले ऐन तथा यस नियमावलीको कार्यविधि पूरा गरी मतदाता नामावलीमा आफनो नाम दर्ता गराउन सक्नेछ ।

(२) सम्बत् २०६४ सालको संविधान सभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा नाम रहेको तर नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको नेपाली नागरिकले प्रचलित कानून बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी ऐन तथा यस नियमावलीको कार्यविधि पूरा गरी मतदाता नामावलीमा आफनो नाम दर्ता गराउन सक्नेछ ।

(३) सम्बत् २०६४ सालको संविधान सभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा नाम रही प्रचलित कानून बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको तर ऐन बमोजिम मतदाता हुन योग्य नेपाली नागरिकले मतदाता नामावलीमा मतदाताको रुपमा समावेश हुनको लागि नाम दर्ता अधिकारी समक्ष अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन पेश गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको निवेदनको साथमा निवेदकले अनुसूची-१३ बमोजिमको परिचयपत्र वा अनुसूची-१४ बमोजिमको सिफारिस संलग्न गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिमको निवेदन प्राप्त भएमा नाम दर्ता अधिकारीले त्यस्तो निवेदन दर्ता गरी निवेदकलाई अनुसूची-५ बमोजिमको व्यक्तिगत विवरण सङ्कलन फाराम भर्न लगाउनेछ ।

(६) उपनियम (५) बमोजिमको फाराम भरिसकेपछि नाम दर्ता अधिकारीले निवेदकको औंला छाप लिइ र आयोगले निर्धारण गरे बमोजिमको फोटो खिची निजको नाम तथा अन्य विवरण, औंला छाप र फोटो कम्प्युटर प्रविष्ट गराउनेछ ।

(७) नाम दर्ता अधिकारीले उपनियम (३) बमोजिमको निवेदन, सो निवेदनसाथ संलग्न कागजात, उपनियम (५) बमोजिमको फाराम र उपनियम (६) बमोजिमको कम्प्युटर प्रविष्टि विवरण सुरक्षित रुपमा प्रमुख नाम दर्ता अधिकारी समक्ष बुझाउनेछ ।

(८) उपनियम (७) बमोजिमको निवेदन, कागजात, फाराम र कम्प्युटर प्रविष्टि विवरण प्राप्त भएपछि प्रमुख नाम दर्ता अधिकारीले सो सम्बन्धमा जाँचबुझ गर्नेछ र सो प्रयोजनको लागि कुनै थप लिखत आवश्यक देखिएमा त्यस्तो लिखत पेश गर्न अवधि तोकी सोको सूचना सम्बन्धित निवेदकलाई दिनेछ । त्यसरी सूचना दिन नसकिएमा प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो सूचना आफनो कार्यालयको सूचना पाटीमा टाँस गर्नेछ ।

(९) उपनियम (८) बमोजिम जाँचवुझ गर्नको लागि प्रमुख नाम दर्ता अधिकारीले जिल्ला स्थित नेपाल सरकारको कुनै कार्यालय वा अधिकारीको सहयोग माँग गर्न सक्नेछ र त्यसरी माग गरेको सहयोग प्रदान गर्नु त्यस्तो कार्यालय वा अधिकारीको कर्तव्य हुनेछ ।

(१०)उपनियम (९) बमोजिम जाँचबुझ भएपछि प्रमुख नाम दर्ता अधिकारीले अनुसूची-२ बमोजिमको ढाँचामा मतदाता नामावली तयार गर्नेछ ।

(११) उपनियम (१०) बमोजिमको मतदाता नामावली ऐन र यस नियमावली बमोजिमको दावी विरोध तथा त्रुटि सच्याउने प्रयोजनको लागि आयोगले तोकिदिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको बडामा र आफनो कार्यालयमा प्रकाशन गरी नियम ३२ को उपनियम (३) मा उल्लिखित कार्यालयमा समेत टाँस गर्न लगाउनु पर्नेछ ।

(१२) उपनियम (११) बमोजिम मतदाता नामावली प्रकाशन भएपछि सो नामावलीमा रहेका व्यक्ति मतदाताको रुपमा दर्ता हुनको लागि ऐन बमोजिम योग्य भए नभएको कुरा यकिन गर्नको लागि नाम दर्ता अधिकारीले आयोगले तोकिदिएको अबधिभित्र "निर्वाचन आयोग (मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम) निर्देशिका, २०६८" बमोजिम गठन भएको स्थानीय सहयोग, समन्वय तथा अनुगमन समिति समक्ष पेश गर्नेछ । सो समितिले आवश्यक देखेमा सम्बन्धित व्यक्तिलाई कुनै कुरा प्रष्ट पार्न वा कुनै लिखत वा प्रमाण पेश गर्न लगाउन सक्नेछ ।

(१३) नाम दर्ता अधिकारीले उपनियम (१२) बमोजिमको समितिबाट मतदाताको रुपमा दर्ता हुन ऐन बमोजिम योग्य भएको भनी यकिन भएका व्यक्तिको नाम सो उपनियम बमोजिमको नामावलीमा कायम राखी अन्य व्यक्तिको नाम सो नामावलीबाट हटाउनेछ ।

(१४)उपनियम (१३) बमोजिमको मतदाता नामावली नाम दर्ता अधिकारीले प्रमुख नाम दर्ता अधिकारी समक्ष पठाउनेछ ।

(१५) उपनियम (१४) बमोजिमको नामावली प्राप्त भएपछि प्रमुख नाम दर्ता अधिकारीले सो नामावलीमा रहेका व्यक्ति ऐन बमोजिम मतदाता हुन योग्य भए नभएको यकिन गर्नको लागि सो नामावली र उपनियम (३) बमोजिमको निवेदन तथा कागजात, उपनियम (५) बमोजिमको विवरण फाराम, उपनियम (६) बमोजिमको कम्प्युटर प्रविष्टि विवरण समेत आयोगले तोकिदिएको अबधिभित्र "निर्वाचन आयोग (मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम) निर्देशिका, २०६८" बमोजिम गठन भएको जिल्लास्तरीय सहयोग, समन्वय तथा अनुगमन समिति समक्ष पेश गर्नेछ । सो समितिले आवश्यक देखेमा सम्बन्धित व्यक्तिलाई कुनै कुरा प्रष्ट पार्न वा कुनै लिखत वा प्रमाण पेश गर्न लगाउन सक्नेछ ।

(१६) उपनियम (११) बमोजिम दावी विरोध र त्रुटि सच्याउने कार्यविधि पूरा भएपछि र उपनियम (१५) बमोजिमको समितिबाट मतदाता नामावलीमा रहन योग्य व्यक्ति यकिन भएपछि प्रमुख नाम दर्ता

अधिकारीले ऐन तथा यस नियमावली बमोजिमको प्रकृया पूरा गरी अन्तिम मतदाता नामावली तयार गर्नेछ र सो नामावली नियम ३० को प्रयोजनको लागि आयोगमा पठाउनेछ ।

(१७) नियम ३० बमोजिम मतदाता नामावलीको प्रति तयार गर्दा यस नियम बमोजिम तयार भएको मतदाता नामावलीमा कुनै व्यक्तिको नाम ऐन बमोजिम मतदाताको रुपमा दर्ता हुन योग्य नभएको कारणले वा अन्य कुनै कारणले रहन नहुने भएमा आयोगले सोको कारण खुलाई त्यस्तो नाम हटाउनेछ ।

(१८) यस नियम बमोजिम तयार भएको मतदाता नामावली सम्वन्धित गाउँ विकास समिति/नगरपालिकाको वडाको थप मतदाता नामावलीको रुपमा छुट्टै रहनेछ ।

## परिच्छेद-४

## विविध

३२. **नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सम्बन्धी विशेष व्यवस्था** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने प्रयोजनको लागि आयोगले ऐनको दफा ३ को अधिनमा रही तोकिदिएको समयमा प्रमुख नाम दर्ता अधिकारीको कार्यालय वा आयोगले तोकिदिएको अन्य स्थानवाट ऐनको दफा ५ बमोजिम मतदाता हुन योग्यता पुगेको व्यक्तिको नाम तथा विवरण सङ्कलन हुन सक्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपनियम (१) वमोजिम विवरण सङ्कलन गर्ने व्यवस्था भएकोमा ऐन बमोजिम मतदाता हुन योग्य व्यक्तिले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीमा आफ्नो नाम समावेश गर्न वा  मतदाता नामावलीमा रहेको नाम हटाउन वा सार्न वा त्रुटि सच्याउनको लागि त्यस्तो कार्यालय वा स्थानमा प्रमुख नाम दर्ता अधिकारी वा निजले खटाएको कर्मचारी समक्ष सम्बन्धित अनुसूची बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त प्राप्त भएमा प्रमुख नाम दर्ता अधिकारीले  ऐन र यस नियमावलीको प्रक्रिया पूरा गरी मतदाता नामावलीमा नाम समावेश हुने, हट्ने वा सार्ने वा त्रुटि सच्चिने व्यक्तिको विवरण तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गरी त्यस्तो विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडामा टाँस गर्न लगाउनु पर्नेछ ।

३३. **विवरण सङ्कलन गर्न सक्ने** :  यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदाता नामावली सङ्कलन गर्ने प्रयोजनको लागि अठार वर्ष भन्दामुनि तर आयोगले निर्धारण गरे बमोजिमको

उमेरको व्यक्तिको नाम तथा विवरण सङ्कलन गर्न यस नियमावलीको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

तर त्यस्तो व्यक्ति ऐनको दफा ५ बमोजिम मतदाता हुन योग्य नहुञ्जेलसम्म निजको नाम तथा विवरण मतदाता नामावलीमा समावेश हुने छैन ।

३४. **मतदाता नामावली हेर्न र नक्कल दिन सकिने** : (१) मतदाता वा उम्मेदवारले मतदाता नामावली हेर्न वा सोको नक्कल लिन चाहेमा मतदाता नामावली च्यात्न, विगार्न वा केरमेट गर्न नपाउने गरी आयोग, जिल्ला निर्वाचन कार्यालय वा आयोगले तोकेको कार्यालयले मतदाता नामावली हेर्न वा सोको नक्कल दिन सक्नेछ ।

(२) यस नियम बमोजिम उम्मेदवार वा सरोकारवालाले आफैले मतदाता नामावलीको नक्कल सारी लैजाँदा कुनै दस्तुर लाग्ने छैन ।

३५. **विवाद निरुपण गरिने** : मतदाता नामावली सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा नियम २९ बमोजिम प्रमाणित मतदाता नामावलीलाई आधार मानी विवादको निरुपण गरिनेछ ।

३६. **मतदाता नामावलीको प्रति बिक्री गर्न सक्ने** : कुनै व्यक्ति वा संघ संस्थाले मतदाता नामावली खरिद गर्न चाहेमा आयोग, जिल्ला निर्वाचन कार्यालय वा आयोगले तोकेको कार्यालयले आयोगले तोकेको मूल्य लिई उपलब्ध भएसम्म मतदाता नामावली वा सोको विद्युतीय प्रति बिक्री गर्न सक्नेछ ।

३७. **मतदाता नामावली वेभसाइटमा राख्न सक्ने** : आयोगले ऐन तथा यस नियमावली बमोजिम सङ्कलन तथा अद्यावधिक गरी तयार पारेको अन्तिम मतदाता नामावली सर्वसाधारणको जानकारी तथा सम्बन्धित मतदाताको पहुँचको लागि आफ्नो वेभसाइटमा राख्न सक्नेछ ।

३८. **मतदाता प्रमाणित गर्नु पर्ने** : (१) कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको कुनै मतदाताले आफू सो निर्वाचन क्षेत्रको मतदाता भएको व्यहोरा प्रमाणित गराउन चाहेमा आयोग, जिल्ला निर्वाचन कार्यालय वा आयोगबाट अधिकार प्राप्त अधिकारी समक्ष दश रुपैयाँ दस्तुर वा सो बराबरको हुलाक टिकट टाँसी दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएमा आयोग, जिल्ला निर्वाचन कार्यालय वा आयोगबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो दरखास्त दिने व्यक्तिको नाम मतदाता नामावलीमा भए मतदाता भएको व्यहोरा प्रमाणित गरिदिनु पर्नेछ ।

३९. **कागजात सुरक्षित राख्नु पर्ने** : मतदाता नामावली र सो मतदाता नामावलीसंग सम्बन्धित सम्पूर्ण कागजपत्रहरू आयोगले निर्धारण गरेको समयावधिसम्म आफ्नो कार्यालयमा सुरक्षित राख्नु पर्नेछ ।

४०. **सहयोग लिन सक्ने** : (१) मतदाता नामावली तयार गर्ने सिलसिलामा आयोग, प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी र सहायक नाम दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था, स्थानीय निकाय, राजनैतिक दल र सामाजिक संघ संस्था तथा अन्य निकायसँग सहयोग लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सहयोग माग भएमा त्यस्तो सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४१. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने** : आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४२. **खारेजी र बचाउ** : (१) मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज भएको नियमावलीबमोजिम भए गरेका काम कारबाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

**(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)**

## मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम टाँस गरिएको सूचना

निर्वाचन आयोग
प्रमुख नाम दर्ता अधिकारीको कार्यालय
............... जिल्ला

यस जिल्लाका गाउँ विकास समिति/नगरपालिकाका वडाहरुमा तपसिलमा उल्लेख भए बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम सञ्चालन हुने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ बमोजिम मतदाता हुन योग्यता पुगेका व्यक्तिहरुले आयोगबाट तयार भएको फोटो सहितको मतदाता नामावलीमा आफ्नो नाम समावेश नभएको भए समावेश गर्न र सो नामावलीमा कुनै त्रुटि भएको भए सो त्रुटि सच्चाउन सम्बद्ध प्रमाण सहित उपस्थित भई मतदाता  नामावलीलाई शुद्ध, अद्यावधिक र पूर्ण बनाउने कार्यमा सहयोगका लागि सम्वन्धित सवैमा अनुरोध छ ।

### मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम

| क्र.सं. | कार्यक्रम | मिति | | सम्पर्क गर्ने स्थान | कार्यक्रम सञ्चालन हुने गाउँ विकास समिति/नगरपालिकाको वडा नं. |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**बोधार्थ :-**
श्री ..................

प्रमुख नाम दर्ता अधिकारीको
नाम थर :
दस्तखत :
मिति :

अनुसूची-३

**(नियम ९ को उपनियम (४), नियम १६ को उपनियम (३), नियम २०, नियम २७ को उपनियम (१) सँग सम्बन्धित)**

**मतदाता नामावली प्रकाशन गरिएको सूचना**

निर्वाचन आयोग

प्रमुख/सहायक नाम दर्ता अधिकारीको कार्यालय,

जिल्ला : ………………….गाउँ विकास समिति/नगरपालिकाको वडा नं. :

विषय : मतदाता नामावली प्रकाशन गरिएको सूचना ।

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम अनुसार तयार भएको यस जिल्ला/गाउँ विकास समिति/नगरपालिकाको वडाको देहाय बमोजिम संख्यात्मक विवरण रहेको मतदाता नामावली यस कार्यालयमा प्रकाशन गरिएको छ ।

| मिति………………मा प्रकाशित हुँदा कायम रहेको | | मिति…………………मा अद्यावधिक हुँदा कायम रहेको | | | मिति………….मा संशोधन हुँदा कायम रहेको | | | मिति………..मा अन्तिम मतदाता नामावलीको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश हुँदा कायम रहेको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पेज संख्या | मतदाता संख्या | पृष्ठ र मतदाता संख्या | | जम्मा | पृष्ठ र मतदाता संख्या | | जम्मा | पृष्ठ र मतदाता संख्या | | जम्मा |
| | | फोटो भएको | फोटो नभएको | | फोटो भएको | फोटो नभएको | | फोटो भएको | फोटो नभएको | |
| | | १. | १. | १. | १. | १. | १. | १. | १. | १. |
| | | २. | २. | २. | २. | २. | २. | २. | २. | २. |

द्रस्टब्य :- माथि उल्लिखित १. र २. संख्याले क्रमशः सम्बन्धित मतदाता नामावलीमा रहेको पृष्ठ संख्या र मतदाताको संख्यालाई जनाउँछ ।

बोधार्थ: प्रमुख/सहायक नाम दर्ता अधिकारी :–

श्री ……………………………… नाम,थर :

श्री……………………………… दस्तखत :

श्री ……………………………… मिति :

श्री ………………………………

अनुसूची-४

**(नियम ९ को उपनियम (५), नियम १६ को उपनियम (५), नियम २०, नियम २२ को उपनियम (३), नियम २४ को उपनियम (१०), नियम २५ को उपनियम (८), नियम २७ को उपनियम (२) र नियम ३१ को उपनियम (५) सँग सम्बन्धित)**

**.............................. मुचुल्का**

**निर्वाचन आयोग**

**प्रमुख/सहायक नाम दर्ता अधिकारीको कार्यालय**

**............. जिल्ला**

**........................ गाउँ विकास समिति/नगरपालिका वडा नं.......**

मिति .........................मा प्रकाशित मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम बमोजिम.................................................. विषयको सूचना आज मिति .......................... को दिन ........ बजे हामी तपसिलका मानिसहरूको रोहवरमा यस कार्यालयमा प्रकाशित/टाँस गरिएको व्यहोरा ठीक साँचो हो भनी हामी देहायका व्यक्तिहरूले यो मुचुल्का गरिदियौं ।

तपसिल :

१. ................गा.वि.स./न.पा. वडा नं.... बस्ने वर्ष .......को श्री .............................................
२. ................गा.वि.स./न.पा. वडा नं.... बस्ने वर्ष .......को श्री .............................................

मुचुल्का गराउने कर्मचारीको
नाम, थर :
दस्तखत :
पद :
मिति :

# अनुसूची-५

**फाराम नं.** ____________

(नियम १० को उपनियम (१), नियम १७ को उपनियम (१) र नियम ३१ को उपनियम (१) सँग सम्बन्धित)

**फोटो सहितको मतदाता नामावली तथा ब्यक्तिगत विवरण सङ्कलन फाराम**

**निर्वाचन आयोग, नेपाल**

(विवरण संकलन समयमा १६ वर्ष वा सो भन्दा माथी उमेर भएका नेपाली नागरिकहरुका लागि)

**(क) विवरण संकलन ठेगाना**

| | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | | कोड नं. | | दर्तास्थलको नाम | |
| गा.वि.स./न.पा. | | कोड नं. | | वडा नं. | |
| गाउँ / टोल | | घर नं. | | परिवार नं. | |

**(ख) ब्यक्तिगत विवरण**

| तीन पुस्ते विवरण | | पहिलो नाम | वीचको नाम | थर | लिङ्ग |
|---|---|---|---|---|---|
| नाम | नेपालीमा | | | | |
| | अंग्रेजीमा | | | | |
| पति /पत्नीको नाम | | | | | |
| आमाको नाम | | | | | |
| बाबुको नाम | | | | | |
| वाजेको नाम | | | | | |
| टेलिफोन नं. | | | मोवाइल नं. | | |

**(ग) जन्म मिति**

| साल | | महिना | गते | उमेर |
|---|---|---|---|---|
| वि.सं. | | | | |
| ई.सं. | | | | |

**(घ) नागरिकता प्रमाणपत्रको विवरण**

| प्रमाणपत्र नम्बर | जिल्ला | किसिम | जारी मिति | | |
|---|---|---|---|---|---|
| | | | | | |
| जन्मस्थान | | गा.वि.स/न.पा. वडा नं. | | | |

**(ङ) स्थायी बसोवासको ठेगाना :**

| जिल्ला | गा.वि.स./ न.पा. | वडा नं | गाउँ / टोलको नाम | मतदान गर्ने स्थान |
|---|---|---|---|---|
| | | | | |

**(च) अपाङ्गता रहेको भए**

| दुवै कान नसुन्ने | आँखा नदेख्ने | वोल्न नसक्ने | दुवै हात नभएको | हिडडुल गर्न नसक्ने | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

**(छ) मातृभाषा** **(ज) शैक्षिक योग्यता**

| साक्षर | | निरक्षर | | माथिल्लो योग्यता | |
|---|---|---|---|---|---|

विवरण दिने ब्यक्तिको सहीछाप

सङ्कलकको नाम..................... सही.................... मितिः २०६ / /

मतदाताको सही :............................................(सङ्कलन गर्दा मतदाताको अनुपस्थितिमा विवरण लिइएको भए दर्तास्थलमा गर्नुपर्ने)

---

**निर्वाचन आयोग, नेपाल** **फाराम नं. _**

**फोटो सहितको मतदाता नामावली तथा ब्यक्तिगत विवरण सङ्कलन फाराम**

(विवरण सङ्कलन समयमा १६ वर्ष वा सो भन्दा माथी उमेर भएका नेपाली नागरिकहरुका लागि)

| | | | | | |
|---|---|---|---|---|---|
| नाम | | | | दर्तास्थलको नाम | |
| ठेगाना | | घर नं. | | दर्तास्थलमा आउने मिति | २०६ / / |

**द्रष्टव्य-** (१) यो फाराम १६ वर्ष वा सो भन्दा माथिका नेपाली नागरिकहरुको विवरण सङ्कलनका लागि प्रयोग गरिनेछ।

(२) दर्तास्थल विहान ९ वजे देखि सांझ ६ वजे सम्म खुला रहने छ। तर स्थानीय अवस्था हेरी दर्तास्थल ब्यबस्थापकले समय हेरफेर गरी सोहि अनुसार जानकारी गराउन सक्नेछन्।

**कृपया दर्तास्थलमा आउँदा यो अर्धकट्टी तथा सम्बद्ध प्रमाणपत्र साथमा लिई आउनु होला।**

**बिवरण दिने व्यक्तिको सहीछापः** **सङ्कलकको नामः** **सही :** **मितिः २०६ / /**

अनुसूची-६

**(नियम १० को उपनियम (३) सँग सम्बन्धित)**

**<u>मतदाता दर्ता किताब</u>**

**निर्वाचन आयोग**

**जिल्ला निर्वाचन कार्यालय..................**

**जिल्ला .................................. गा.वि.स./न.पा....................................... वडा नं................ दर्तास्थलको नाम..............................................................**

| दर्ता नं. | दर्ता मिति | फाराम नं. | विवरण दिनेको नाम थर | ठेगाना | नागरिकता नं. /जारी गर्ने जिल्ला | जन्म मिति | दर्ता कर्मचारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमुख/सहायक नाम दर्ता अधिकारी/दर्ता कर्मचारीको

नाम थर : दस्तखत : मिति :

अनुसूची –७

(नियम ११ को उपनियम (१), नियम १२, नियम १८ को उपनियम (१), नियम १९ को उपनियम (१), नियम २१, **नियम** २३ को उपनियम (१) र (२) र नियम २४ को उपनियम (३) सँग सम्बन्धित)

**मतदाता नामावलीमा नाम हटाउन/त्रुटि सच्चाउन/दाबी विरोध गर्न/दोहोरो हटाउन सूचना दिने विवरण /दरखास्त फाराम**

फाराम नं. ...

**श्री प्रमुख/सहायक नाम दर्ता अधिकारी**

**जिल्ला :-** **गाउँ विकास समिति/नगरपालिका :-** **वडा नं. :-**

**विषय : मतदाता नामावलीमा नाम हटाउन/त्रुटि सच्चाउन/दाबी विरोध गर्न/दोहोरो नाम हटाउन विवरण/ दर्खास्त पेश गरेको।**

मिति ................... मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ............ को नाम/विवरणको सम्बन्धमा मतदाता नामावलीबाट नाम हटाउन/त्रुटि सच्चाउन मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ....... बमोजिम निर्वाचन आयोगले निर्धारण गरेको अवधि भित्र यो विवरण/दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झूठो विवरण पेश गरेको ठहरे कानून बमोजिम हुन मेरो मञ्जूरी छ।

तपसिल

| | **खण्ड (क) : मतदाता नामावलीमा त्रुटि सच्चाउनु पर्ने विवरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मतदाता नं. | नाम : | ना.प्र.प.नं./जिल्ला: | उमेर: | लिङ्ग: | बाबुको नाम : | आमाको नाम: | अन्य विवरण |
| **त्रुटि भएको विवरण :** | | | | | | | | |
| **हुनु पर्ने विवरण:** | | | | | | | | |
| **पेश गरेको प्रमाण :** | | | | | | | | |

| **खण्ड (ख) : मतदाता नामावलीमा रहेको नामका सम्बन्धमा विरोधको विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|
| नाम : | मतदाता नं.: | ना.प्र.प.नं./जिल्ला: | उमेर: | लिङ्ग: | बाबुको नाम : | आमाको नाम: |
| **नाम समावेश हुनु नपर्ने/हटाउनु पर्ने कारण :** | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | |

| | **खण्ड (ग) : मतदाता नामावलीमा दोहोरो परेको नाम हटाउन पेश गरेको विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मतदाता नम्वर | नाम : | ना.प्र.प.नं./जिल्ला: | उमेर: | लिङ्ग: | बाबुको नाम : | आमाको नाम: |
| **दोहोरो परेको नाम** | १..............२.............. | १................................<br>२................................ | १...................<br>२................... | १.........<br>२......... | १......<br>२...... | १....................<br>२.................... | १..................<br>२.................. |
| **कायम राख्नु पर्ने नाम** | | | | | | | |
| **पेश गरेको प्रमाण :** | | | | | | | |

विवरण/दरखास्त दिनेको नाम थर:.................................दस्तखत....................ठेगाना:.................... मिति...............................

| खण्ड (घ) : नाम दर्ता अधिकारीले गरेको निर्णय |
|---|
| नाम दर्ता अधिकारीको नाम, थर ...................................दर्जा...................... दस्तखत.................. मिति................ |

**अनुसूची–८**

**(नियम ११ को उपनियम (२) र नियम १९ को उपनियम (२) सँग सम्बन्धित)**

**<u>मतदाता नामावली सार्नको लागि दिने दरखास्तको ढाँचा</u>**

**निर्वाचन आयोग**

| | | |
|---|---|---|
| | | **कार्यालय प्रयोजनका लागि** |
| **दर्ता मिति :** | **दर्ता नं.:** | **दर्ता गर्ने कार्यालय :** |
| **दर्ता गर्ने कर्मचारीको दस्तखत :** | | |

**श्री प्रमुख नाम दर्ता अधिकारी**
**जिल्ला ...............**

**विषय : मतदाता नामावली सार्नको लागि दरखास्त पेश गरेको ।**

मिति ......................... मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो नाम देहाय बमोजिम सार्नुपर्ने भएकोले सो बमोजिम सारीदिनु हुन यो निवेदन पेश गरेको छु ।

| **खण्ड (क) : मतदाता नामावली सार्ने सम्बन्धी विवरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मतदाताको** | मतदाता नं. | नाम : | ना.प्र.प.नं./जिल्लाः | उमेरः | लिङ्गः | बाबुको नाम : | आमाको नामः |
| **हाल कायम रहेको ठेगाना** | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | | | | |
| **सार्नुपर्ने ठेगाना** | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | सार्नुपर्ने कारण | | | मिति |
| | | | | १. बिवाह भई गएको :<br>२. स्थायी तवरले बसाई सरेको वा<br>३. अन्य : | | | |
| **पेश गरेको प्रमाण** | | | | | | | |

दरखास्त दिनेको :

नाम थर :..................................दस्तखत...................ठेगानाः.........................................मिति...............................

**खण्ड (ख) नाम दर्ता अधिकारीको निर्णय**

देहायको आधारमा निवेदकको नाम माथि उल्लिखित ठेगानामा सार्ने/सार्न नमिल्ने निर्णय गरिएको छ ।

नाम दर्ता अधिकारीको नाम थर ...................................दर्जा....................... दस्तखत................... मिति.................

**खण्ड (ग) : नाम सार्ने निर्णय कार्यान्वयन गरेको विवरण**

खण्ड (ख) बमोजिमको नाम सार्ने निर्णय मिति ......................... मा कार्यान्वयन गरी निवेदकको माग बमोजिम निजको नाम .............................................मा सारिएको छ ।

नाम सार्ने कर्मचारीको नाम थर :.............................. दर्जा....................... दस्तखत................... मिति................

प्रमाणित गर्ने कर्मचारीको नाम थरः ..................................दर्जा....................... दस्तखत................... मिति.................

**अनुसूची-९**

**(नियम १६ को उपनियम (२) को खण्ड (क) र नियम १७ को उपनियम (३) सँग सम्बन्धित)**

अद्यावधिक/संशोधित मतदाता नामावली

**निर्वाचन आयोग**

**प्रमुख/सहायक नाम दर्ता अधिकारीको कार्यालय .............**

यस जिल्लाको ............ गा.वि.स./न.पा. वडामा मिति ............................... मा प्रकाशन भएको मतदाता नामावलीमा देहाय बमोजिमको नाम समेत समावेश गरिएको छ।

| क.स. | मतदाता नं. | समावेश गरिएको नाम थर | ठेगाना | नागरिकता नं. र जारी भएको जिल्ला | जन्म मिति वा उमेर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमुख/सहायक नाम दर्ता अधिकारी/दर्ता कर्मचारीको

नाम थर : दस्तखत : मिति :

अद्यावधिक/संशोधित मतदाता नामावलीमा नियम ................ को प्रयोजनका लागि संलग्न हुने विवरण फाराम

**अनुसूची–१०**

**निर्वाचन आयोग**

**(नियम १६ को उपनियम (२) को खण्ड (ख), नियम १९ को उपनियम (४), नियम २२ को उपनियम (३), नियम २४ को उपनियम (७) र (९) र नियम २५ को उपनियम (७) सँग सम्बन्धित)**

**मतदाता नामावलीबाट नाम हटाइएको /सारिएको सूचना**

**प्रमुख/सहायक नाम दर्ता अधिकारीको कार्यालय**

**..........................ग.वि.स./न.पा. वडा नं......**

यस कार्यालयको मिति ................ मा प्रकाशित सूचना बमोजिम दावी विरोध/सूचना प्राप्त हुन आएको मतदाताको सम्बन्धमा जाँचबुझ गर्दा देहायका मतदाताको नाम मतदाता नामावलीबाट सार्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. स. | मतदाता नं. | नाम थर | ठेगाना | नागरिकता नं. र जारी भएको जिल्ला | जन्म मिति वा उमेर | बाबुको नाम | आमाको नाम | कैफियत (हटाइएको वा सारिएको के हो उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमुख/सहायक नाम दर्ता अधिकारी/दर्ता कर्मचारीको

नाम थर : दस्तखत : मिति :

**अनुसूची-११**

**(नियम २२ को उपनियम (१), नियम २४ को उपनियम (२) र नियम २५ को उपनियम (३) सँग सम्बन्धित)**

**मतदातालाई भनाई पेश गर्न आउन प्रकाशन गरिएको सूचना**

**निर्वाचन आयोग**

**प्रमुख/सहायक नाम दर्ता अधिकारीको कार्यालय .............**

**गाउँ विकास समिति/नगरपालिका वडा नं......**

देहायका मतदाताको नाम मतदाता नामावलीबाट हटाउन दाबी विरोधको सूचना पर्न आएकोले आफ्नो नाम हट्नु नपर्ने कुनै कारण र प्रमाण भए सो सहित मिति ......... देखि ........ सम्ममा यस कार्यालयमा सम्पर्क राख्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्रि. स. | मतदाता नं. | नाम थर | ठेगाना | नागरिकता नं. र जारी भएको जिल्ला | जन्म मिति वा उमेर | कैफियत (थप भएको वा हटेको के हो उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमुख/सहायक नाम दर्ता अधिकारी/दर्ता कर्मचारीको

नाम थर : दस्तखत : मिति :

आज्ञाले,

मधुप्रसाद रेग्मी
निमित्त सचि

♦अनुसूची-१२

(नियम ३१क. को उपनियम (३) संग सम्बन्धित)

## मतदाता नामावलीमा नाम समावेश गर्न दिने निवेदनको ढाँचा

| निवेदकको मुखकृति देखिने हालसालै खिचेको फोटो |
|---|

श्री प्रमुख/नाम दर्ता अधिकारी
जिल्ला..............................
..........................................।

**बिषयः–मतदाता नामावलीमा नाम समावेश गर्न निवेदन पेश गरेको ।**

मेरो नाम सम्वत् २०६४ सालको संविधानसभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा देहाय बमोजिम समावेश भएको छ । म नेपाली नागरिक हुँ । मैले हालसम्म नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेको छैन । मतदाताको रुपमा दर्ता हुन प्रचलित कानूनबमोजिम म योग्य भएकोले आयोगले तयार गर्ने फोटोसहितको मतदाता नामावलीमा आफनो नाम दर्ता गराउन देहायका विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

**(क) सम्वत् २०६४ सालको संविधान सभा सदस्यको निर्वाचनको मतदाता नामावली सम्वन्धी विवरणः-**

जिल्ला...............निर्वाचन क्षेत्र............... गा.वि.स/न.पा. ............. वडा नं.. ........ पेज नं.......

| घर नं. | प.सं. | प.क्र.स. | गाँउ/टोल | **मतदाताको विवरण** | | | | | मतदाताको पिता/पति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मतदाता प.प.नं. | नाम/थर | लिङ्ग | जन्म मिति | उमेर | नाम,थर | नाता | |
| | | | | | | | | | | | |

**(ख) हालको विवरण :**

१. पूरा नाम, थर.......................................

२. स्थायी वसोवासको ठेगाना :

जिल्ला................गाउँ विकास समिति/नगरपालिका.................. बडा नं............. टोल........

घर नम्वर भए घर नम्वर :-

टेलिफोन/मोवाइल टेलिफोन भए सो नम्वर :-

३. जन्म मिति..............................

♦ पहिलो संशोधनद्वारा थप ।

४. पति वा पत्नीको नाम, थर र स्थायी ठेगाना :
जिल्ला...............गाउँ विकास समिति/नगरपालिका.................. वडा नं............ टोल........
घर नम्वर भए घर नम्वर :-

५. वावुको नाम, थर र स्थायी ठेगाना :-
जिल्ला...............गाउँ विकास समिति/नगरपालिका.................. वडा नं............ टोल........
घर नम्वर भए घर नम्वर :-

६. आमाको नाम, थर र स्थायी ठेगाना :-
जिल्ला...............गाउँ विकास समिति/नगरपालिका.................. वडा नं............ टोल........
घर नम्वर भए घर नम्वर :-

**(ग) पेश गरेको लिखत र प्रमाण :**

१. सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको बडाबाट जारी भएको अनुसूची – १४ बमोजिमको सिफारिसपत्र,
२. उमेर पुष्टि गर्ने लिखत, र
३. अन्य कुनै प्रमाण भए सो प्रमाण ।

माथि उल्लिखित व्यहोरा ठिक साँचो हो । उक्त व्यहोरा झुठा ठहरिए मतदाता नामावली सम्वन्धी ऐन, २०६३ र अन्य प्रचलित कानूनबमोजिम हुने सजाय भोग्न मन्जुर छु ।

निवेदकको

नाम, थरः

स्थायी ठेगानाः

हस्ताक्षरः

औलाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

□अनुसूची-१३
(नियम ३१क. को उपनियम (४) संग सम्बन्धित)

परिचय पत्रको ढाँचा

सरकारी कार्यालय/स्थानीय निकाय/सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाको नाम :-

ठेगाना :-

**कर्मचारी/शिक्षक/विद्यार्थी परिचयपत्र**

निवेदकको मुखाकृति देखिने हाल सालै खिचेको तस्वीर टाँसी प्रमाणित गर्नेले दस्तखत गर्ने ।

कर्मचारी/शिक्षक/विद्यार्थीको :-

नाम, थर :-

स्थायी वसोवास गरिआएको ठेगाना :-

जिल्ला................गाउँ विकास समिति/नगरपालिका................... वडा नं............. टोल........

घर नम्वर भए घर नम्वर :-........... टेलिफोन नं.

जन्ममिति :-

बावुको नाम थर तथा स्थायी ठेगाना :-

आमाको नाम थर तथा स्थायी ठेगाना :-

| **तयार गर्नेको** | **रुजु गर्नेको** | **प्रमाणित गर्नेको** |
|---|---|---|
| नाम, थरः- | नाम, थरः- | नाम, थरः- |
| पदः- | पदः- | पदः- |
| दस्तखत | दस्तखत | नागरिकता नं. |
| | | जारी गर्ने जिल्लाः– |
| | | जारी मितिः– |
| | | दस्तखत :- |
| | | मितिः - |
| | | कार्यालयको छापः |

□ पहिलो संशोधनद्वारा थप ।

अनुसूची-१४

(नियम ३१क. को उपनियम (४) संग सम्बन्धित)

**(गाउँ विकास समिति वा नगरपालिकाको सम्वन्धित वडाको सिफारिसको ढाँचा)**

**जिल्ला.........**
**गाउँ विकास समिति......................⁄ नगरपालिका ........... वडा नम्बर......**
**कार्यालय**

यस गाउँ विकास समिति .............⁄ नगर पालिका ......................... वडा नं. ...... ........टोल वस्ने श्री.......................... को नाति⁄नातिनी श्री .............................को छोरा⁄छोरी⁄पति⁄पत्नी बर्ष...............को श्री.......................................को जन्म मिति..................... मा भएको हो । निज यस गाउँ विकास समिति⁄नगरपालिकाको वडा नं. ......... टोल ................ मा ............देखि स्थायी वसोवास गरी आएको र .....................को आधारमा निज नेपाली नागरिक भएकोले निजको नाम निर्वाचन आयोगले तयार गर्ने फोटोसहितको नामावलीमा समावेश गरिदिनको लागि सिफारिस गर्दछु ।

**<u>सम्बन्धित व्यक्तिको फोटो</u>**

| |
|---|
| फोटोमा पर्ने गरी सचिवले दस्तखत गर्नुपर्ने । |

नाम, थर :
पद : सचिव
सहीछाप :
मिति :
कार्यालयको छापः

दस्तखतः

औंलाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

पहिलो संशोधनद्वारा थप ।